# ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन

**बिजयप्रसाद ढकाल**

**परीक्षा क्रमाङ्क : २८०५७७/०७३**

**त्रि.वि. दर्ता नं. : ९-१-९-३८६-२००५**

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय,**
**नेपाली भाषा शिक्षाअन्तर्गत स्नातकोत्तर**
**तह चौथो सेमेस्टरको (नेपा.शि.५४४)**
**पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत**

## शोधपत्र

**२०७३/2016**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**
**नेपाली भाषा शिक्षा विभाग**
**कीर्तिपुर, काठमाडौँ**

ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन
बिजयप्रसाद ढकाल
५६/०७३

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..........................

**बिजयप्रसाद ढकाल**

मिति : २०७३/०९/०५

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सेमेस्टरका छात्र बिजयप्रसाद ढकालले **ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा रही तयार गरेका हुन् । परिश्रमपूर्वक तयार गरिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

प्रा.डा. रामप्रसाद भट्टराई

**(शोधनिर्देशक)**

मिति : २०७३/०९/०६

Dec 21, 2016

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय**

## नेपाली भाषा शिक्षा विभाग

**त्रि.वि., कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह चौथो सेमेस्टर नेपा.शि. ५४४ पाठ्यक्रमका निम्ति यस सङ्कायतर्फका छात्र बिजयप्रसाद ढकालद्वारा **ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| क.सं. | नाम | दस्तखत |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख/शोधनिर्देशक) | ............................ |
| २. | सहप्रा.डा. ऋषिराम शर्मा (शोध विशेषज्ञ) | ............................ |

मिति : २०७३/०९/२२

Jan 06, 2017

# कृतज्ञताज्ञापन

शोधकार्य आफैंमा जटिल र बौद्धिक कार्य हो । शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि निरन्तर र कडा मेहनतको जरुरत पर्दछ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ यो शोधपत्र तयार गरिएको हो । यो अध्ययन शैलीवैज्ञानिक भाषाविज्ञानको क्षेत्रमा अध्ययन गर्न चाहने सबैलाई उपयोगी हुनेछ भन्ने आशा लिएको छु ।

प्रस्तुत शीर्षकको शोधपत्र स्वीकृत गरी अध्ययनको लागि अवसर प्रदान गर्ने नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै कार्य व्यस्तताका बाबजुद पनि आवश्यक सल्लाह र सहयोग पुऱ्याउनु हुने मेरा शोधनिर्देशक तथा विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. रामप्रसाद भट्टराईप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधकार्य सम्पन्न गर्ने सिलसिलामा आवश्यक सल्लाह दिनुहुने नेपाली भाषा शिक्षा विभागका श्रद्धेय गुरुहरू सहप्रा. रविकिरण अधिकारी, केशव पोखरेलसाथै नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनका क्रममा आवश्यक जानकारी उपलब्ध गराउने नाटकका लेखक बालकृष्ण समप्रति आभारी छु । सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउने नेपाली भाषा पुस्तकालय, शिक्षाशास्त्र केन्द्रीय पुस्तकालय र शोधपत्र लेखनका क्रममा सहयोग पुऱ्याउने सम्पूर्ण हितैषी मित्र र आफन्तजनहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा शोधकार्य सम्पन्न गर्ने क्रममा सुसाङ्ख्य टङ्कन गरिदिने श्री विपिन सुवेदीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

मिति: २०७३/०९/०५

बिजयप्रसाद ढकाल
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

# शोधसार

शोध शीर्षक : ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन

शोधार्थी : बिजयप्रसाद ढकाल

शोधनिर्देशक : प्रा.डा. रामप्रसाद भट्टराई

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शैक्षिक वर्ष : २०७०/०७२

पृष्ठ सङ्ख्या : १२+१२८

जम्मा अध्याय : सात

**उद्देश्य**

प्रस्तुत अनुसन्धानको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. भाषिक चयन, विचलन र समानान्तरताका आधारमा नाटकको विश्लेषण गर्नु,

ख. शैलीवैज्ञानिक दृष्टिले नाटकमा प्रयोग गरिएका पात्रहरुको अध्ययन गर्नु,

ग. नाटकीय तत्त्वका आधारमा ध्रुव नाटकको विश्लेषण गर्नु ।

**शोधविधि**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश नेपा.शि. ५४४ को आवश्यकता पूर्तिका निम्ति तयार पारिएको हो ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय अध्ययन विधिलाई अवलम्बन गरी आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका लागि ‘ध्रुव’ नाटकलाई लिइएको छ भने द्वितीय स्रोतका रूपमा विभिन्न पुस्तकहरू, अध्ययन प्रतिवेदन, अप्रकाशित शोधपत्रहरू, समालोचनात्मक कार्य आदिलाई लिइएको छ । अध्ययनको सीमालाई ध्रुव नाटकको भाषाशैली, अभिनेयात्मकता पात्रहरूको वर्गीकरण र

विश्लेषणमा साथै नाटकको भाषिक चयन, विचलन साथै समानान्तरताका आधारमा विश्लेषण गर्नुमा सीमित रहेको छ ।

प्रस्तुत शोधलाई सात अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा शोधपरिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा ध्रुव नाटकको भाषिक चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण, अध्याय पाँचमा शैलीवैज्ञानिक दृष्टिले नाटकमा प्रयोग गरिएको पात्रहरुको अध्ययन, अध्याय छअन्तर्गत नाटकीय तत्त्वका आधारमा ध्रुव नाटकको विश्लेषण र अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगितालाई समावेश गरिएको छ । साथै आवश्यकताअनुसार सन्दर्भसूची र व्यक्तिवृत्तलाई पनि समावेश गरिएको छ ।

**निष्कर्ष**

यस अध्ययनबाट प्राप्त निष्कर्षलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

- तिन अङ्क नौ दृश्यमा रहेको नाटक ५६ पृष्ठमा सङ्ग्रहित रहेको छ ।
- दैवीशक्तिको प्रत्यक्ष सहयोगबाट समस्याको समाधान गरिएको नाटकमा घटनाको सञ्चालन पृथ्वीलोकको मानवीय धरालतमै रहेको पाइयो ।
- श्रीमद्भागवत पुराणको ८-१२ अध्यायलाई सुत्रात्मक रूपमा प्रस्तुत गरिएको छ ।
- नाटकको पात्र पौराणिक छन् भने चरित्र चित्रण आदर्शवादी रहेको पाइयो ।
- नाटकमा सीमित पात्रको प्रयोगले नाटक अभिनेयात्मकता बन्न पुगेको पाइयो ।
- गद्यभन्दा पद्य भाषाको प्रयोग बढी पाइयो ।
- आगन्तुक शब्दहरूमा हिन्दी भाषाको शब्दहरू अन्य भाषाको भन्दा बढी पाइयो ।
- नाटकमा प्रयुक्त ध्वनि, वर्ण, शब्द र पदावलीको पुनरावृत्तिले भाषालाई सुन्दर र रोचक बनाएको पाइयो ।
- आन्तरिक र बाह्य समानान्तरताको प्रयोग गरिएको पाइयो ।
- शैलीवैज्ञानिक पात्रको वर्गीकरण लिङ्ग, कार्य, स्वभाव, आबद्धता, आसन्नता, प्रवृत्ति, जीवन चेतना, व्यक्तित्वका आधारमा गरिएको पाइयो ।

- नाटकमा भाषिक विचलनअन्तर्गत, व्याकरणिक, अर्थतात्त्विक, ध्वनि प्रक्रियात्मक, प्रयुक्तिपरक विचलनले भाषामा सान्दर्भिकता र सौन्दर्यता प्रदान गरेको पाइयो ।
- वाक्यअन्तगर्तत सरल, संयुक्त, मिश्र तिनै प्रकारका वाक्यहरूको उचित ढङ्गले प्रयोग गरिएको पाइयो ।
- लेख्य चिह्नमा पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, अर्धविराम, विस्मयसूचक, योजक, निर्देशक, सापेक्ष, उद्धरणजस्ता चिह्नको प्रयोग पाइयो ।
- भाषिक चयनअन्तर्गत शब्द र वाक्य चयन रहेका छन् । शब्दअन्तर्गत तत्सम, तद्भव, आगन्तुक, नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, निपात, संयोजक, नामयोगीजस्ता शब्दको छनोट गरेको पाइयो ।
- अन्य ग्रन्थको संस्कृत सूक्तिहरूको प्रयोग गरेको पाइयो ।
- प्रमुख, सहायक, गौण तिनै प्रकारका पात्र प्रयोग गरिएको पाइयो ।

# विषयसूची


पृष्ठ सङ्ख्या

**अध्याय एक : शोधपरिचय** **१–६**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन ३

१.३ शोधकार्यको उद्देश्य ४

१.४ अध्ययनको औचित्य ४

१.५ सीमाङ्कन ५

१.६ अध्ययनको रूपरेखा ६

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा** **७–६७**

२.१ पूर्वकार्यको पुनरावलोकन ७

२.१.१ पुस्तक पुनरावलोकन ७

२.१.२ शोध पुनरावलोकन ९

२.२ पूर्वकार्य समीक्षाको महत्त्व १९

२.३ शैलीविज्ञानको सैद्धान्तिक परिचय २०

२.३.१ शैलीको परिचय २०

२.३.२ शैलीविज्ञानको परिचय २४

२.४ शैलीका प्रकार २७

२.४.१ सामान्य शैलीविज्ञान २८

२.४.२ साहित्यिक शैलीविज्ञान २९

२.५ शैलीविज्ञानको परम्परागत पद्धति र विकास ३०

२.५.१ पाश्चात्य शैलीवैज्ञानिक परम्परा ३०

२.५.२ पूर्वीय शैलीवैज्ञानिक अध्ययन पद्धति ३२

२.५.३ आधुनिक शैलीविज्ञानको विकास ३४

२.६ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप ३६

२.७ शैली विश्लेषण प्रक्रिया ३८

२.७.१ साहित्यिक संरचना ३९

२.७.१.१ बनोट ४०

२.७.१.२ बुनोट ४०

२.७.२ भाषा संरचना ४१

२.७.२.१ व्याकरण व्यवस्था ४१

२.७.२.२ शब्द व्यवस्था ४१

२.७.२.३ ध्वनि व्यवस्था ४२

२.७.३ शैली ४२

२.७.३.१ चयन ४३

२.७.३.२ अग्रभूमि निर्माण ५१

२.७.३.३ विविधता ५५

२.८ पात्रको शैलीवैज्ञानिक अध्ययन ५८

२.९ नाटकको तत्त्व ६१

२.९.१ पूर्वीय दृष्टिमा नाटकको तत्त्व ६१

२.९.२ पाश्चात्य दृष्टिमा नाटकको तत्त्व ६१

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया ६८–७१**

३.१ शोधविधिको परिचय ६८

३.२ तथ्याङ्क सङ्कलन ६९

३.२.१ प्राथमिक स्रोत ६९

३.२.२ द्वितीयक स्रोत ७०

३.३ सामग्री निर्माण ७०

३.४ व्याख्या विश्लेषण ७१

**अध्याय चार : भाषिक चयन, विचलन र समानान्तरताका आधारमा नाटकको विश्लेषण ७२–१०३**

४.१ भाषिक चयन, विचलन र समानान्तरताका आधारमा नाटकको विश्लेषण ७२

४.१.१ भाषिक चयनका आधारमा नाटकको विश्लेषण ७२

४.१.१.१ शब्दचयन ७३

४.१.१.२ वाक्यचयन ८४

४.१.१.३ चिह्न प्रयोग ८६

४.१.१.४ पर्यायोक्ति ९४

४.१.१.५ संस्कृत सूक्तिको प्रयोग ९५

४.१.२ विचलनको आधारमा नाटकको विश्लेषण ९६

४.१.२.१ व्याकरणिक विचलन ९७

४.१.२.२ ध्वनि प्रक्रियात्मक विचलन ९८

४.१.२.३ प्रयुक्ति विचलन ९८

४.१.२.४ अर्थतात्त्विक विचलन ९९

४.१.३ समानान्तरताको आधारमा नाटकको विश्लेषण १००

४.१.३.१ आन्तरिक समानान्तरता १०१

४.१.३.२ बाह्य समानान्तरता १०२

**अध्याय पाँच : शैलीवैज्ञानिक आधारमा पात्रहरूको अध्ययन १०४–११०**

५.१ शैलीवैज्ञानिक आधारमा पात्रहरूको अध्ययन १०४

**अध्याय छ : तत्त्वगत आधारमा ध्रुव नाटकको विश्लेषण** **१११–११८**

६.१ भाषाशैली १११

६.२ अभिनेयात्मकता ११४

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता** **११९–१२४**

७.१ सारांश ११९

७.२ निष्कर्ष १२१

७.३ उपयोगिता १२२

७.३.१ नीतिगत तह १२३

७.३.२ प्रयोगात्मक तह १२४

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिगत विवरण